का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ कात्तिक २०७९, बुधबार

19 October 2022, Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मतप्रति सशंकित शीर्ष नेतृत्व

कांग्रेससँग चुनावी गठबन्धन गरेका 'प्रचण्ड' र माधव नेपाल चुनावी नतिजाबारे सशंकित देखिन थालेका छन् । कांग्रेसका मतदाताले आफूहरुलाई भोट हाल्छन् वा हाल्दैनन् भन्ने विषयमा उनीहरुमा शंका बढेको हो ।



"संविधान र लोकतन्त्र जोगाउन हँसिया हथौडा र कलमका साथीहरुले रुखमा र रुखका साथीहरुले हँसिया हथौडा र कलममा मत हाल्नुस्, कांग्रेसका साथीहरुले अविश्वास गर्ने काम नै छैन । आजको दिनमा हँसिया हथौडा, कलम र रुख एकै हो ।"

■ **शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



"जतिबेला हामीले शान्ति सम्झौता गर्‍यौं, त्यो बेला सात दलका तर्फबाट कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र माओवादीबाट मैले हस्ताक्षर गरेको थिएँ । त्यो भनेकै मैले रुखमा र गिरिजाप्रसाद कोइरालाले हँसिया हथौडामा छाप हाने बराबर हो ।"

■ **प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र



"हामी सहकार्य गर्न सक्छौं । धेरै ठाउँमा जित्न सक्छौं भनेपछि यो सत्ता गठबन्धनको बारेमा विपक्षीले भ्रम फैलाउन थालेका छन् । विपक्षीको अनेक कुरालाई खण्डन गर्नुपर्छ । गठबन्धन प्राकृतिक हो कि अप्राकृतिक भनेर प्रश्न गरेमा हामीले काउण्टर दिनुपर्छ ।"

■ **माधव नेपाल**
अध्यक्ष, एकीकृत समाजवादी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ कात्तिक ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेससँग चुनावी गठबन्धन गरेका पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपाल चुनावी नतिजाबारे सशंकित देखिन थालेका छन् । चुनावमा कांग्रेसका मतदाताले आफूहरुलाई भोट हाल्छन् वा हाल्दैनन् भन्ने विषयमा उनीहरुमा शंका बढेको हो ।

नेपाली कांग्रेसभित्रका शेखर कोईराला पक्ष र टिकट नपाएका असन्तुष्टहरुको समूहले हसियाँ हथौडा र कलम चिन्हमा भोट नहाल्ने सम्भावना बढेको भन्दै उनीहरुले पूर्वाग्रह नराखी अघि जानुपर्ने बताएका हुन् । 'हँसिया हथौडाले रूखमा कसरी भोट हाल्ने, रूखले हँसिया हथौडामा कसरी भोट हाल्ने ? अहिले यस्तो आग्रह-पूर्वाग्रह हुने गरेको कुरा सुनेको छु तर यो अर्थहीन छ,' नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भने , 'म तपाईंहरूलाई स्मरण गराउन चाहन्छु- हामीले धेरै पहिले नै रूख र हँसिया हथौडालाई एक बनाइसकेका हौं । जतिबेला हामीले शान्ति सम्झौता गर्‍यौं, त्यो बेला सात दलका तर्फबाट कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र माओवादीबाट मैले हस्ताक्षर गरेको थिएँ । त्यो भनेकै मैले रूखमा र गिरिजाप्रसाद कोइरालाले हँसिया हथौडामा छाप हाने बराबर हो ।' उनले गठबन्धनमा प्रतिबद्ध भएर लाग्न सबै मतदाता र शुभेच्छुकलाई अपिल पनि गरेका छन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले पनि पटक पटक गठबन्धनका दलले एकअर्काप्रति जिम्मेवार भएर भोट हाल्न अनुरोध गर्दै आईरहेका छन् । उनले गठबन्धनभित्र रहेका दलप्रति अविश्वास नगर्न र गठबन्धनकै उम्मेद्वारलाई जिताउन पनि अपिल गरेका छन् । उनले भनेका छन्, 'हामी सहकार्य गर्न सक्छौं । धेरै ठाउँमा जित्न सक्छौं भनेपछि यो सत्ता गठबन्धनको बारेमा विपक्षीले भ्रम फैलाउन थालेका छन् । विपक्षीको अनेक कुरालाई खण्डन गर्नुपर्छ । गठबन्धन प्राकृतिक हो कि अप्राकृतिक भनेर प्रश्न गरेमा हामीले काउण्टर दिनुपर्छ ।'

नेपाल र दाहालको अविश्वासलाई लक्षित गर्दै कांग्रेस सभापति शेरबहादुर देउवाले गठबन्धनका दललाई अविश्वास नगर्न कार्यकर्तालाई अपिल गरेका छन् । 'हँसिया हथौडामा मै मत हाल्दैछु । संविधान र लोकतन्त्र जोगाउन हँसिया हथौडा र कलमका साथीहरुले रूखमा र रुखका साथीहरुले हँसिया हथौडा र कलममा मत हाल्नुस्, कांग्रेसका साथीहरुले अविश्वास गर्ने काम नै छैन । आजको दिनमा हँसिया हथौडा, कलम र रूख एकै हो' उनले भने । संविधान र लोकतन्त्रको रक्षाका निम्ति बनेको गठबन्धनलाई जिताएर प्रतिगमन परास्त गर्नुको विकल्प नरहेको उनको भनाई छ ।

तर, नेपाली कांग्रेसभित्र असन्तुष्ट रहेका शेखर कोईरालाले आफू र देउवाबीच कुनै असहमझदारी नरहेको भन्दै कार्यकर्ताबीच विवाद नबढाउन अपिल समेत गरिसकेका छन् ।

## सत्तागठबन्धनको संयुक्त अपिल

सत्ता गठबन्धनमा रहेका दलहरुले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धनका उम्मेदवारहरूलाई मत दिन अपिल गरेका छन् ।

मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवारीमै गठबन्धन गरेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले लोकतन्त्र, संविधान र विधिको शासनमार्फत सुशासन र समृद्धिको राष्ट्रिय अभिलाषा परिपूर्ति गर्नका लागि गठबन्धनको आवश्यकतालाई मनन् गर्न र गठबन्धनलाई अत्यधिक बहुमतसहित जिताउन आग्रह गरेका हुन् ।

प्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मंगलबार संयुक्त अपिल जारी गर्दै यस्तो आग्रह गरेका हुन् ।

तीन दलको संयुक्त अपिलमा भनिएको छ, 'नेपालको संविधान २०७२ ले परिकल्पना गरेअनुरुप राष्ट्रियता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, समाजवाद, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्न वर्तमान चुनावी गठबन्धन दलहरु प्रतिबद्ध रहेका छौं । लोकतान्त्रिक गठबन्धनको यो नै साझा र प्रस्ट वैचारिक धरातल र सहकार्यको आधार हो ।' दलहरूले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको भावना र मर्मविपरीत दुई-दुई पटक गरिएको प्रतिनिधि सभाको असंवैधानिक विघटनलगायत तत्कालीन सरकार प्रमुखको अनेकौं स्वेच्छाचारी कदमहरुलाई परास्त गर्न र संविधानको रक्षा गर्न अहिलेको सत्ता गठबन्धन बनेको र निरन्तरता आवश्यक रहेको दाबी गरेका छन् ।

# कम्युनिष्टलाई 'कमाउनिष्ट'को संज्ञा

जसपाले संविधान संशोधन र परिमार्जन तथा पुनर्लेखनलाई पनि आफ्नो चुनावी नारा बनाएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ कात्तिक ।

जनता समाजवादी पार्टी (जसपा)ले कम्युनिष्ट पार्टीलाई 'कमाउनिष्ट' को संज्ञा दिएको छ । 'नेपालमा पनि धेरैथरि कम्युनिष्ट पार्टीहरुले आफूलाई साम्यवादी कित्तामै उभ्याएका छन् । तर, ती व्यवहारतः अवसरवादी र 'कमाउनिष्ट' भइसकेका छन्,' जसपाले तयार पारेको चुनावी घोषणापत्रको प्रतिबद्धतामा भनेको छ ।

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि पार्टीको घोषणापत्र ३६ पृष्ठ लामो छ । जहाँ संघीयता, समृद्धि, सुशासन, सामाजिक न्याय र समाजवादलाई राजनीतिक लक्ष्यको रुपमा प्रस्तुत गरिएको छ । जसपाले 'सबैलाई शिक्षा, स्वास्थ्य, रोजगार र पहिचान, जसपा नेपालको छाता चिह्नमा मतदान' लाई पार्टीको चुनावी मूल नारा बनाएको छ । तर, कम्युनिष्ट पार्टीको चर्को आलोचना गरेको हो ।



जसपाले कांग्रेस पुँजीवादी उदारवादी

**जसपाको घोषणापत्र**

विचारधारा बोक्ने पार्टी भए पनि यो इतिहासकै ब्याजमा धानिएको र पारम्पारिक राजनीति गरिरहेको विश्लेषण गरेको छ । जसपाको निष्कर्ष छ, 'यो पार्टीले अहिलेको वर्तमानको अर्थराजनीतिक जटिलतालाई निकास दिनसक्ने ल्याकत राख्दैन ।'

पार्टीमा डा. बाबुराम भट्टराई रहँदा हरेक राजनीतिक दस्तावेज र चुनावी घोषणापत्रको भूमिकामा जनयुद्ध शब्द समेटिएको हुन्थ्यो । पार्टीबाट भट्टराई हटेसँगै जनयुद्धको ठाउँमा 'दश वर्षे सशस्त्र विद्रोह' शब्द प्रयोग गरिएको छ ।

संविधानको रक्षा गर्न भन्दै 'प्रतिगमनविरोधी गठबन्धन'मा रहेको जसपा चुनावको मुखमा नेकपा एमाले नेतृत्वको गठबन्धनमा गएको थियो । यो राजनीतिक कित्ता परिवर्तनको प्रभाव घोषणापत्रमा पनि देखिएको छ । चुनावी प्रतिबद्धतापत्रमा जसपाले यसअघि भन्दै आएको 'ओली प्रतिगमन' र एमालेको भूमिकाबारे

- बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# श्रम मन्त्रालय अन्तर्गत ३२ करोड रुपैयाँ बेरुजु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत गत आर्थिक वर्षसम्म ३२ करोड रुपैयाँ बेरुजु देखिएको छ । पटक-पटकको प्रयासपछि पनि बेरुजु फछ्र्यौट नभएपछि मन्त्रालयले बेरुजु फछ्र्यौट कार्ययोजना बनाई कर्मचारीलाई पुरस्कारको समेत व्यवस्था गरेर पेश्की रकम फछ्र्यौट गराउन शुरू गरेको छ ।

३२ करोड बेरुजुमध्ये मन्त्रालय र मन्त्रालयका केन्द्रीय कार्यक्रम अन्तर्गत २४ करोड २१ लाख ८१ हजार, वैदेशिक रोजगार विभागमा २५ लाख ९ हजार, वैदेशिक रोजगार कार्यालय ताहाचलमा १५ लाख १९ हजार, वैदेशिक रोजगार बोर्डमा ६ करोड १५ लाख ९५ हजार र वैदेशिक रोजगार न्यायाधिकरणमा ६२ हजार बेरुजु रहेको मन्त्रालयले जनाएको छ ।

ईपीएस कोरिया शाखा ग्वार्कोसहित ८ वटा श्रम तथा रोजगार कार्यालयको बेरुजु भने शुन्य रहेको छ । बेरुजुलाई आर्थिक अनुशासन पालनाको ऐनका रुपमा हेर्ने गरिएको छ । बेरुजु आफैंमा भ्रष्टाचार नभए पनि भ्रष्टाचारको शुरुवात बेरुजुबाट हुने मान्यता छ ।

मन्त्रालयले पटक-पटक ताकेता गर्दासमेत असुल नभएपछि कुमारी चोक तथा केन्द्रीय तहशील कार्यालयलाई असुल उपर गर्न पठाउने कार्यविधिमार्फत व्यवस्था गरेको छ । श्रम मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत पनि ठूलो रकम खर्च गर्ने गरेको छ । तर त्यसबाट दीर्घकालीन प्रकृतिको रोजगारी सिर्जना हुन सकेको छैन । मन्त्रालयले बेरुजुप्रति शुन्य सहनशीलताको नीति अख्तियार गर्ने समेत बताएको छ ।

## साउदीबाट झालाई स्वदेश ल्याइयो

**काठमाडौं/मस-** वैदेशिक रोजगारका क्रममा साउदी अरबमा मस्तिष्कघात भएका महोत्तरीका जितेन्द्रकुमार झालाई स्वदेश फर्काइएको छ । आफ्नै कोठामा बसिरहेका बेला मस्तिष्कघात भएर ढलेका झाको उपचारपछि स्वास्थ्यमा केही सुधार आए पनि उनको शरीरको बायाँ भाग नचल्ने भएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । नेपाली दूतावासको पहलमा झालाई नेपाल ल्याइएको हो ।

- बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्री कार्यालयलाई स्पष्टीकरण




सरकारले नयाँ नीति तथा कार्यक्रम पारित गरेको हो वा होइन ? आयोगको सहमती बेगर नयाँ नीति कार्यक्रम गरेको हो भने सम्बन्धित पदाधिकारीलाई निर्वाचन आचारसंहिताको उल्लंघनमा किन कारबाही नगर्ने ?

-निर्वाचन आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ कात्तिक ।

निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई २४ घण्टे स्पष्टीकरण सोधेको छ ।

कामचलाउ भूमिकामा रहेको सरकारले दूरगामी निर्णय गरेको भन्दै आयोगले मंगलबार स्पष्टीकरण सोधेको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिबद्धता समेत जनाएको अवस्थामा नयाँ नीति पारित गरेको हो वा होइन भन्दै आयोगले स्पष्टकीरण सोधेको हो ।

'कामचलाउ भूमिका भुलेर दूरगामी निर्णय गर्दै चुनावी सरकार भन्ने समाचार तथा विभिन्न सामाजिक सञ्जालबाट आयोगमा प्राप्त हुन आएका जानकारीप्रति आयोगको ध्यानाकर्षण भएर यो पत्र लेख्ने कार्य भएको छ,' आयोगले प्रधानमन्त्री कार्यालयलाई लेखेको पत्रमा भनिएको छ, 'सरकारले नयाँ नीति तथा कार्यक्रम पारित गरेको हो वा होइन ? आयोगको सहमती बेगर नयाँ नीति कार्यक्रम गरेको हो भने सम्बन्धित पदाधिकारीलाई निर्वाचन आचारसंहिताको उल्लंघनमा किन कारबाही नगर्ने ?' आयोगले प्रधानमन्त्री कार्यालयलाई बुधबारसम्म यी प्रश्नको जवाफ दिन निर्देशन दिएको छ ।

यसैगरी, निर्वाचन आयोगले बारा निर्वाचन क्षेत्र नं ४ मा नेकपा एकीकृत समाजवादीका उम्मेदवार कृष्णकुमार श्रेष्ठ र भक्तपुर क्षेत्र नं २ का कांग्रेसका उम्मेदवार दुर्लभ थापालाई पनि आचारसंहिता उल्लंघन गरेको भन्दै २४ घण्टे स्पष्टीकरण सोधेको छ ।

'किसान श्रेष्ठके चुनावी फन्डा' भन्ने शीर्षकमा सार्वजनिक भएको भिडियोमार्फत् बाराका युवाहरूलाई श्रेष्ठले फ्रि भिसा फ्रि टिकेटमा वैदेशिक रोजगारीमा पठाउने प्रलोभन दिएको भन्दै त्यसप्रति आयोगको ध्यानाकर्षण भएको जनाएको छ ।

थापाले सूर्यविनायक नगरपालिका वडा नं २, ३, ४ र ६ का विभिन्न चोकमा झण्डा, तुल ब्यानरसहितका प्रचार सामग्री टाँगेको भन्दै आयोगले थापालाई आफैं वा प्रतिनिधिमार्फत् लिखित स्पष्टीकरण दिन निर्देशन दिएको छ ।

## गलत सूचना रोक्न फेसबुकसँग सहकार्य

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा गलत सूचना र द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहित गर्न सामाजिक सञ्जाल फेसबुकसँग सहकार्य गर्ने भएको छ ।

आयोगले फेसबुकको दक्षिण एसिया हेर्ने व्यूरोको अधिकारीहरुसँग छलफल गरेको छ । फेसबुकको दक्षिण एसिया कार्यालयको नीतिगत मामिला हेर्ने प्रमुख सहितको टोली नेपाल आएको थियो । उनीहरुले निर्वाचन आयोगका पदाधिकारी र सूचना/प्रविधि हेर्ने विज्ञ टोलीसँग छलफल गरेको थियो ।

त्यसक्रममा फेसबुकले राजनीतिक दलका प्रतिनिधिहरुलाई निर्वाचन सामग्रीको प्रचारप्रसार तथा मिथ्या सूचना नियन्त्रणबारे भर्चुअल कार्यशाला आयोजना समेत गरेको आयोगका अधिकारीहरुले बताएका छन् ।

आयोगले निर्वाचनसम्बन्धी जनचेतनामूलक र प्रवर्द्धनात्मक सामग्रीलाई प्रचारप्रसार गर्न पनि समझदारी भएको बताएको छ । त्यसैगरी मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहित गर्न पनि फेसबुकका प्रतिनिधिहरु सकारात्मक भएको आयोगका अधिकारीहरु बताउँछन् ।

निर्वाचनका क्रममा उम्मेदवार र तिनका शुभचिन्तकहरुले गर्ने खर्च, सामाजिक सञ्जालको पोष्ट शेयर गर्दा हुने खर्चका बारेमा समेत फेसबुक माउ संस्था मेटाले आवश्यक सूचना उपलब्ध गराउने प्रतिवद्धता जनाएको आयोगका अधिकारीको भनाइ छ ।

# काठमाडौंका रेष्टुरेन्ट र मिठाइ पसलमा अखाद्य वस्तु



काठमाडौं/मस-काठमाडौंको नयाँ बानेश्वर क्षेत्रका मिठाइ पसल, रेष्टुरेन्ट तथा थकाली खाना घरहरूको भान्छामा स्वच्छता र सफाईको समस्या देखिएको छ र मंगलबार काठमाडौं महानगरपालिकाले गरेको अनुगमनमा ती ठाउँमा अखाद्य वस्तुसमेत भेटिएको हो ।

स्वास्थ्य विभागको नेतृत्वमा गएको अनुगमनका क्रममा वडा नम्बर १० मा रहेको द थकाली एण्ड सेकुवा क्याफे र थाकखोला ग्रुप प्रालिले सञ्चालन गरेको थकाली भान्सा, वडा नम्बर ३१ मा सञ्चालित कोलकत्ता स्विट्स प्रालि, द बर्गर हाउस (सीएफसी), लोकप्रिय लुम्बिनी तन्दुरी भोजनालयमा अनुगमन गरेको थियो। जसमा अखाद्य वस्तुहरू भेटिएको महानगरले जनाएको छ। स्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीका अनुसार अनुगमनका क्रममा सबैको भान्सामा सरसफाई र स्वच्छताको कमी देखिएको छ।

भान्सामा काम गर्नेहरूको व्यक्तिगत सफाई पनि कमजोर छ। उनीहरूले एप्रोनको सही प्रयोग गरेका छैनन् । फ्रिजमा राखिने बस्तुको व्यवस्थापनसमेत कमजोर छ। खाद्य अनुज्ञापत्र प्राप्त नभएका, उपभोग्य मिति उल्लेख नभएका बस्तुहरूको प्रयोग देखिएको उनले बताए ।

उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पुग्ने गरी व्यवसाय सञ्चालन गर्ने होटल तथा मिठाइ पसल सञ्चालकलाई तीन दिनभित्र कार्यालयमा हाजिर हुन भनिएको महानगरले जनाएको छ। एउटा बर्गर हाउसको फ्रिजमा खान नमिल्ने मासुसमेत भेटिएको निरीक्षण अधिकृत एवं खाद्य पदार्थ गुणस्तर नियमन तथा पशुपंक्षी महाशाखा प्रमुख डा.अवधेश झाले बताए ।

पर्वलक्षित अनुगमनका क्रममा महानगरले मंगलदेखि बजार हेर्न थालेको हो। उपभोक्ताहरुले सुलभ मूल्यमा स्वच्छ र गुणस्तरीय सामान, मालमत्ता प्राप्त सकुन् भन्ने उद्देश्यले अनुगमनलाई निरन्तरता दिइएको महानगरले जनाएको छ ।

# बबईका ६ जना किसानलाई पावर टेलर

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १ कात्तिक

बबईका ६ जना कृषकलाई पावर टेलर वितरण गरिएको छ । बबई गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको सहकार्यमा ६ जना किसानहरुलाई पावर टेलर वितरण गरिएको हो ।

बबई सामाजिक उद्यमी महिला सहकारीका अध्यक्ष हिरा नेपालीको अध्यक्षता, बबई गाउँपालिका अध्यक्ष कुल बहादुर खत्री क्षेत्रीको प्रमुख आतिथ्यता तथा बबई गाउँपालिका उपाध्यक्ष बम कुमारी खड्काको विशिष्ट आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा नम्बर ५ का अध्यक्ष हर्क बहादुर श्रीस मगर, वडा नम्बर १ का वडाध्यक्ष प्रेम बहादुर डाँगी र बबई



गाउँपालिका पशु शाखा प्रमुख श्याम प्रकाश चौंधरी लगायतले आफ्नो मन्तव्य राखेका थिए । उनीहरुले आफ्नो मन्तव्यमा आधुनिक कृषिका लागि कृषि सामग्रीको आवश्यकता रहेको बताएका थिए ।

बबई सामाजिक उद्यमी महिला सहकारी हापुरका सचिव जानकी खड्काको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण बबई कृषि तथा पशु उद्यमशीलता विकास परियोजना संयोजक हिमाल खड्काले गरेका थिए ।

# चुनावपछि पनि गठबन्धन रहन्छः पर्यटनमन्त्री



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावपछि पनि गठबन्धन कायम रहने बताएका छन् ।

बाम-लोकतान्त्रिक गठबन्धनबाट काठमाडौं-८ मा प्रतिनिधि सभा सदस्य उम्मेदवार रहनुभएका मन्त्री श्रेष्ठले प्रतिगमनको खतरा रहेसम्म सत्तारुढ दलहरुबीच रहेको गठबन्धन कायम रहने बताए ।

काठमाडौं निर्वाचन क्षेत्र नं ८(ख)को चुनाव प्रचारप्रसार कार्यालय उद्घाटन गर्दै मन्त्री श्रेष्ठले अहिलेको चुनावमा प्रतिगमन र अग्रगमनबीचको प्रतिस्पर्धा हुने बताए । विगतको लोकतान्त्रिक आन्दोलनमा सामेल भएका दलहरुबीच बाम-लोकतान्त्रिक गठबन्धन कायम गरिएको भन्दै मन्त्री श्रेष्ठले सत्ता गठबन्धनबीच सहकार्य चुनावपछि पनि जारी रहने बताए । संविधान, लोकतन्त्र र संसदको रक्षाका लागि आफुहरुले गठबन्धन बनाएको उनको भनाइ छ । जनताको समृद्धिको आकांक्षालाई आगामी निर्वाचनपछि बन्ने सरकारले निरन्तर रुपमा अघि बढाउने उनले बताए । काठमाडौं-८ मा आफुले सुरु गरेका कयौं परियोजना निरन्तरताका लागि आफु उम्मेदवार बनेको मन्त्री श्रेष्ठले बताए ।

विगतमा राष्ट्रिय सभा निर्वाचनदेखि सुरु भएको गठबन्धन अभ्यास सफल हुँदै आएको बताउँदै उनले गठबन्धनका दलहरुबीच चुनावमा इमान्दारिता कायम हुने विश्वास व्यक्त गरे ।

# शहरी गरिबी कम गनुपर्नेमा जोड

**काठमाडौं/मस-** तीव्ररूपमा शहरीकरण भएसँगै शहरी गरिबीको संख्या पनि बढिरहेकाले यो मुद्दालाई सम्बोधन गर्ने गरी तीनै तहका सरकारले काम गर्नुपर्नेमा जोड दिइएको छ । 'समावेशी शहर बस्तीको आवश्यकता : सबैको साझा प्रतिबद्धता' भन्ने नाराका साथ आयोजित विश्व बसोवास दिवसको कार्यशाला गोष्ठीअन्तर्गत 'दिगो शहरीकरणका लागि समावेशिता' विषयक छलफल कार्यक्रमका वक्ताले शहरी गरिबको न्यूनीकरणका लागि विशेष कार्यक्रम अघि बढाइनुपर्ने बताएका हुन् ।

कार्यक्रममा युरोपियन युनियनका प्रतिनिधि इलोजिया अस्टुडिलोले शहरीकरण तीव्र हुँदा गरिबीसँगै विपद् जोखिमको सम्भावना पनि बढेकाले यसलाई ध्यान दिएर नीति निर्धारण र कार्यान्वयन हुनुपर्ने बताइन् । विपद्बाट हुने जोखिमलाई मध्यनजर गरी खुला क्षेत्रमा सबैको पहुँच बिस्तार गरिनुपर्ने उनको भनाइ छ । नेपालजस्ता देशमा शहरी क्षेत्रमा ९८ प्रतिशत मानिस हिँड्ने गरेकाले यसका आधारमा पूर्वाधार निर्माण गरिनुपर्नेमा पनि युनियनले जोड दिएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालकी उपाध्यक्ष रमा ढकालले शहरी क्षेत्रमा भूकम्पका बेला अरु भाग्न सके पनि अपाङ्गता भएका भाग्न नसक्ने गरेकाले यसलाई ध्यान दिएर खुला स्थानलगायत पूर्वाधार निर्माणमा सरोकार भएका निकायको ध्यानाकर्षण गराइन् । कोरोना महामारी फैलिएका बेला बहिरा समुदायले यो रोगका विषयमा थाहा नपाउँदा पीडित भएको भेटिएकाले उनीहरूले जानकारी पाउने गरी साङ्केतिक भाषामा सन्देश प्रसारणको व्यवस्था गरिनुपर्ने माग पनि उनले राखिन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि अपाङ्गतामैत्री पूर्वाधार निर्माण नगरिँदा आवतजावतमा समस्या हुने गरेको मुद्दालाई महासङ्घले उठाउँदै आएको छ ।

इञ्जिनीयरिङ अध्ययन संस्थानका प्रा. डा. सङ्गीता सिंहले महिला जनप्रतिनिधिको संख्या बढे पनि नीति निर्माणको निर्णायक तहमा कम सहभागिताले समावेशी शहरी विकास हुन नसकेको विचार राखिन् । महिलाको राजनीतिक सामर्थ्य बढाए शहरी क्षेत्रको विकासमा सहयोग पुग्ने भनाइ उनको छ । शहरी तथा क्षेत्रीय योजनाकार समाजका अध्यक्ष डा महेन्द्र सुब्बाले काठमाडौं, विराटनगरजस्ता मुख्य शहरमा अझै अव्यवस्थित बसोवासी रहेकाले यसलाई व्यवस्थित गरिनुपर्नेमा जोड दिएकी थिइन् ।

अक्टोबर महिनाको पहिलो सोमबार संयुक्त राष्ट्रसङ्घीय मानव बसोवास कार्यक्रम (युएन ह्याबिट्याट) को आह्वानमा विश्व बसोवास दिवस मनाउने गरिएको छ। सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापीरूपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्रसङ्घले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो । नेपालमा पनि सन् २००१ देखि यो दिवस मनाइँदै आएको छ ।

**कम्युनिष्ट...**

कुनै सन्दर्भ उल्लेख गरिएको छैन। प्रतिवद्धतापत्रमा समानुपातिक प्रतिनिधित्व हुने संसद् र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको शासकीय स्वरुपमार्फत राजनीतिक स्थायित्व कायम गर्न जसपा पार्टी आवश्यक पर्ने दावी गरिएको छ। जसपाले संघीय समाजवादी लोकतान्त्रिक गणतन्त्रलाई राजनीतिक गन्तव्य बनाउने उल्लेख गरेको छ । हाम्रो पार्टी प्रशासनिक सङ्घीयताको विकल्पमा राष्ट्रिय पहिचानसहितको सङ्घीयताको ढाँचामा पुनः राज्यको पुनर्संरचना गर्ने सङ्कल्प प्रस्तुत गर्दछ', प्रतिबद्धतापत्रमा लेखिएको छ ।

जसपाले संविधान संशोधन र परिमार्जन तथा पुनर्लेखनलाई पनि आफ्नो चुनावी नारा बनाएको छ । पार्टीले समावेशी विकास र समतामूलक समृद्धिका लागि काम गर्ने प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । 'अब देशमा व्याप्त गरिबी, बेरोजगारी र अशिक्षाको अन्त्य गरी शिक्षा, स्वास्थ्य, आवास, रोजगार र सुरक्षामा सबैको समान पहुँच र अधिकारको प्रत्याभूति गराउनु राज्यको प्राथमिक दायित्व हुनेछ', प्रतिबद्धतापत्रमा भनिएको छ ।

**साउदीबाट...**

रोजगारीका लागि ६ वर्षअघि सन् २०१६ मा साउदी गएका झाको अल सुलैमी जनरल अस्पतालमा उपचार भइरहेको थियो । झाको उपचारमा संलग्न डाक्टरले परिवारको साथमा राखेर उपचार गर्दा स्वास्थ्यमा छिटो सुधार हुन सक्ने भन्दै नेपाल लैजान सुझाव दिएको र सोही सुझाव अनुसार नेपाल पठाएको दूतावासको भनाइ छ ।

एक जना नर्सको साथमा स्ट्रेचरबाट नेपाल फर्काउन लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोरेको दूतावासले जनाएको छ।


## Invitation for Bid

**Bhairabi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhairabi, kalika, Dailekh**
**Karnali Province**
**Date of publication: 2079/07/02 (19-oct-2022)**

1. Bhairabi Rural Municipality office invites electronic bids from Nepalese eligible bidders for the following Project Under National Competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhairabi Rural Municipality Bhairikalikathum Dailekh phone no 9840725661 email bhairabirm@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company/firm registration certificate, Business Registration Certificate, Declaration letter, letter of bid Through PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of NRs.3,000.00 (Three thousand Rupees Only) in the Project's Antarik Rajaswa (revenue) account as specified below and Scanned copy ( pdf format) of the bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bid.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of office: Bhairabi Rural Municipality Bhairikalikthum Dailekh**
**Name of Bank: Civil Bank Bhairabi 4 Dailekh**
**Bank Account No: 06610182906098**

5. Pre-bid meeting shall be held at Bhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh Karnali Province Nepal at 11-11-2022 12:00 hours.
6. Electronic bids must be submitted to the office swami Kartik khapar Rural Municipality through PPMO's e-GP system www. bolpatra.gov.np/egp on or before 12:00 hrs. 2079/08/02 (18-Nov-2022) Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs. 2079/08/02 (18-Nov-2022) at the office of Bhairabi Rural Municipality Bhairikalikathum Dailekh Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Below Mentioned which shall be valid for 30 days beyond the validity period of the bid. security in the form of cash should be deposited (Dharauti) Account as 06610182906047 at Civil Bank ltd. Branch office Bhairabi Dailekh.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S N | Contract Id.No. | Name of Project | Cost Estimate (Including PS,Vat and contengencies ) NRs. | Bid Security Amount (NRs) | Deadline for Bid submission date and time | Bid Opening Date and Time | Bid document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ WORKS/ 2079/080-03 | Construction of Kusapani Chalnechautara Road Bhairabi 6, Dailekh | 19999096.34 | 500000 | 18-Nov-2022 12:00 hrs. | 18-Nov-2022 14:00 hrs. | 3000 |
| 2. | BRM/NCB/ WORKS/ 2079/080-04 | Construction of Kalgauda Road Bhairabi 4, Dailekh | 2498027.42 | 62500 | 18-Nov-2022 12:00 hrs. | 18-Nov-2022 14:00 hrs. | 3000 |
| 3. | BRM/NCB/ WORKS/ 2079/080-05 | Construction of Bhatichaur Bhaktadanda Gairasaru Kandani Road Maintenance Bhairabi 7, Dailekh | 2001774.91 | 50000 | 18-Nov-2022 12:00 hrs. | 18-Nov-2022 14:00 hrs. | 3000 |
| 4 | BRM/NCB/ WORKS/ 2079/080-06 | Construction of Temurkhakra Kandani Road Bhairabi 7, Dailekh | 15000111.20 | 375000 | 18-Nov-2022 12:00 hrs. | 18-Nov-2022 14:00 hrs. | 3000 |

**Chief Administrative officer**

Provincial Government
Provincial No-1
**Ministry of Water Supply, Irrigation & Energy**
**Water Supply and Sanitation Division Office**
Phidim, Panchthar

## Notice 0f Intent to Award the Contract

**Date of Publication: 19 October 2022 (2079/07/02)**

As per the notice of Invitation of Bid (Contract No: WSSDO/Panchthar/G-01-NCB-2079-080 as Published On September 16th 2023 A.D (2079/05/31) in "Madhyanha Daily "Rastriya Dainik and Nepal Government Procurement System's portal www.bolpatra.gov.np/egp, Water Supply and Sanitation Division Office, Phidim,Panchthar,the employer intend to award the contract as listed below. This notice is as per Clause No 27 of Public Procurement Act 2063 and Instruction to Bidder Clause No 46.1. Following this deadline, the employer will go on recognizing the bids eligible to be approved.

| S. N. | Contract No. | Details of Work | Lowest Evaluated Substantially Responsive Bidder | Evaluated Bid Amount\ NRs. (Inclusive 13% Vat) |
|---|---|---|---|---|
| 1 | WSSDO/Panchthar/ G-01-NCB-2079-080 | Supply and Delivery of HDPE Pipe-NS -40(PE-100) | M/S Nepal Plastic Pvt.Ltd (Dharan ; Province No-1) | 1,55,83,271.89 In Words (One Crore Fifty- Five Lakh Eighty-Three Thousand Two Hundred Seventy-One Rupees and Eighty-Nine Paisa Only. |

**Division Chief**

आम निर्वाचन २०७९

# कर्णाली र सुदूरपश्चिम प्रदेशको मतपत्र छपाइ सकियो

**काठमाडौं/मस**-आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीका लागि कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि मतपत्र छपाइ सम्पन्न भएको छ । यी दुई प्रदेशमा रहेका निर्वाचन क्षेत्रसहित हालसम्म यस प्रणालीतर्फ प्रतिनिधिसभाको ३८ र प्रदेश सभाको ८० निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको छ ।

यस पटक पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र दर्ता भई अन्तिम नामावलीमा



कायम उम्मेदवारको निर्वाचन चिन्ह मात्र समावेश गरी मतपत्र छपाइ गरिएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा दैनिक करिब २५ लाख मतपत्र छपाइ गरिरहेको छ । हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत कुल ८९ लाख ९९ हजार मतपत्र छपाइ भइसकेको छ । सोमध्ये प्रदेश सभातर्फ ४७ लाख १५ हजार र प्रतिनिधिसभातर्फ ४३ लाख ४८ हजार रहेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र यसअघि नै छपाइ भइ वितरण शुरु भइसकेको छ । हालसम्म बागमती, मधेश र प्रदेश-१ का सबै निर्वाचन क्षेत्रमा मतपत्र ढुवानी भइसकेको छ । बाँकी प्रदेशमा यही कात्तिक ३ गतेदेखि मतपत्र ढुवानी शुरु हुने छ ।

हरिपूर्वा र चन्द्रनगरका शिक्षकहरु आन्दोलित

# तलब नपाउन्जेल आन्दोलन गर्ने घोषणा

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, १ कात्तिक



सर्लाहीको हरिपूर्वा नगरपालिकाभित्रका १६ वटा विद्यालयका शिक्षकहरु आन्दोलित भएका छन् । चालु आर्थिक वर्षको साउनदेखि तलब नपाएको भन्दै नगरपालिकाभित्रका १६ वटै सामुदायिक विद्यालयका शिक्षकहरु आन्दोलित भएका हुन् । उनीहरुले जबसम्म आफ्नो तलब प्राप्त हुन्न तबसम्म आफ्नो आन्दोलन निरन्तर चलिरहने भन्दै आइतबारबाट नगरपालिका कार्यालय परिसरमा धर्नासमेत दिन शुरु गरेका छन् ।

आफूहरुले चरणावद्ध आन्दोलन अन्तर्गत आइतबारदेखि नगरपालिकाको कार्यालय परिसरमा धर्ना शुरु गरेको केश्वर गरिब जनता मावि हरिपुर्वा ५ का प्रधानाध्यापक संजय कुमार यादवले बताए ।

उनका अनुसार हरिपुर्वा नगरपालिकाभित्रका १६ वटै सामुदायिक विद्यालयका शिक्षकहरुले चालु आर्थिक वर्षको शुरु अर्थात साउन महिनादेखि नै तलब पाएका छैनन् । तलब नपाउँदा शिक्षकको महान चाड दशैं खल्लो भएको तथा तिहार र छठ पर्वमा पनि यही अवस्था आउने छाँट देखिएपछि आफुहरु आन्दोलित भएको शिक्षकहरुले बताएका छन् । उनीहरुले पठनपाठन बन्द गरी विद्यालयमा तालाबन्दी गरेर नगरपालिका कार्यालयमा पुगी धर्ना शुरु गरेका छन् । जनप्रतिनिधिबीचको राजनीतिक द्वन्द्वका कारण आफूहरुले तलब नपाएको उनीहरुको गुनासो छ ।

सोमबार हरिपुर्वा नगरपालिकाका नगर प्रमुख विनोद साह तेली र विपक्षी वडाध्यक्षबीच आन्दोलित शिक्षक समेतको उपस्थितिमा छलफल भएपनि निष्कर्ष निस्कन नसकेको हरिपुर्वा नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । नगरपालिकाले कार्यपालिका बैठक राख्ने तयारी गरेको नगरप्रमुख साहले बताए ।

कार्यपालिकाको बैठक बसेपनि आफुहरुले तलब पाउने आश नरहेको शिक्षकहरुले बताएका छन् । जनप्रतिनिधिले आ-आफ्नो स्वार्थ पूरा नहुँदा बजेट पारित नगरेकै कारण आफूहरुले तलब नपाएको शिक्षकहरुको गुनासो छ ।

त्यहाँ शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा शाखाका कर्मचारीहरुले पनि तलब पाएका छैनन् भने आर्थिक कारोवार नै नहुँदा नगरका विकासका काम ठप्प छन् ।

जिल्लाको विष्णु गाउँपालिकामा पनि गाउँसभाले बजेट पास नगर्दा शिक्षक-कर्मचारीले तलब पाएका छैनन् । पालिका प्रमुख अल्पमतमा हुँदा हरिपूर्वा र विष्णुमा नगर तथा गाउँसभा गरी बजेट पारित हुन सकेको छैन । भागबण्डामा कुरा नमिल्दा यस्तो अवस्था आएको स्थानीय जानकारहरु बताउँछन् । यस्तै जिल्लाको चन्द्रनगर गाउँपालिकामा पनि तलब नपाएका कारण शिक्षकहरु आन्दोलनमा उत्रिएका छन् ।

# जनमतको आयोजनामा ५६ जनाद्वारा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १ कात्तिक

जनमत अर्द्ध साप्ताहिक नेपालगन्जले आयोजना गरेको त्रैमासिक रक्तदान कार्यक्रममा ५ महिलासहित ५६ जनाले रक्तदान गरेका छन् ।

मंगलबार भएको रक्तदान कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक, नेपाली सेना, सशस्त्र, विद्यार्थी लगायत स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरेका थिए । नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके जिल्ला कार्यसमितिको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा समाजका उपाध्यक्ष मन बहादुर केसी (निशान) खत्री र जनमत अर्द्ध साप्ताहिक पत्रिकाका सम्पादक पूर्णलाल चुकेले प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र प्राविधिक सुनिल थापा मगरलाई रक्त संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रम शुरु गरिएको थियो ।

जनमतको रजत वर्ष-२०६३ देखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम'को ५४ औं श्रृङ्खलामा रक्तदान गर्नेहरुमा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके उपाध्यक्षका मन बहादुर केसी(निशान), अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख तथा मेरो खुशी डट कमका सम्पादक शंकर प्रसाद खनाल, नेपाल रेडक्रस सोसाइटी बाँकेका कार्यक्रम




अधिकृत निरञ्जना मल्ल, सुश्री स्वेता विष्ट, नियमित रक्तदाताहरु नीरजमान श्रेष्ठ, लक्ष्मण कुमार वैश्य, पवन कुमार वैश्य, रक्तदाता समाजका कोषाध्यक्ष मनमोहन वर्माले रक्तदान गरेका थिए ।

कार्यक्रम संयोजक पत्रकार पवन जायसवालका अनुसार पार्वती थापा, दिनेश कुमार तमोली, अरुण बज्राचार्य, दिपक चौधरी, बानेश्वर थारु, अर्जुन प्रसाद चौधरी, सागर बिष्ट, कृष्ण चन्द खत्री, दिपक नेपाली, प्रदीप बस्नेत, शरस केसी, तिलक रोकामगर, राम सुहावन सोनकर, मन बहादुर बस्नेत, कमल कठायत, पूजा केसी, रुसतम अली दर्जी, उदय प्रसाद उपाध्याय, उमा भाट, कृष्ण अर्याल, शिव कुमार गिरी, सरोज कुमार चौधरी, अपेक्षा श्रेष्ठ, गणेश खडका, तिलक पुन, रबिन्द्र चौधरी, निराजन चौधरी, बिष्णु वर्मा, अनिल चौधरी थारु, दिपक चौधरी, अनिला चौधरी, लच्छीराम चौधरी, गोबिन्द नाउँ, दिपेन्द्र नाउँ, दिपेन्द्र चौधरी, रामदयाल चौधरी, नन्नकुअली बेहना, अँगनु नाउँ, जय शंकर थारु, नमित चौधरी, कृष्ण डिसी, सल्मान अन्सारी, रिसभ वैश्य र सन्तोष चौधरी लगायत ५६ जनाले रक्तदान गरेका थिए ।

यस्तै कार्यक्रममा पिस नेपाल डटकम नेपालका प्रबन्ध निर्देशक प्रज्वल चुके, प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सुनिल थापा मगर, सोम प्रसाद सापकोटा, होमराज गिरी, महेश राना क्षेत्री, पिमा डाँगी, सजिना कार्की, सञ्जय बढही, सुनिता थापा, केशर सिंह डाँगी, बैकुण्ठ रेग्मी, समिक्षा रोकायाले प्राविधिकमा र अन्यमा आकाश जायसवालले रक्तदान कार्यक्रममा सहयोग गरेका थिए ।

वि.सं.२०६३ साल वैशाखदेखि निरन्तर रुपमा आयोजना गरिँदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा ५४ औं श्रृङ्खलासम्म करिब तीन हजार पिन्टसम्म स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेका छन् ।

स्वास्थ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुन जान्छ र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ । आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ । त्यसैगरी रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशीकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजकी हुन्छ । रक्तदान गरे जति रगतको मात्रा ४ साताभित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ ।

# 'निर्वाचनपछि देश विकास र समृद्धिको बाटोमा अगाडि बढ्छ'

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १ कात्तिक

सत्तारुढ गठबन्धनको समर्थनमा रुपन्देही-१ बाट उम्मेदवारी दिएका नेता घनश्याम भुसालले राज्यको ध्यान रुपन्देही क्षेत्र नं. १ खिच्न आफुले उम्मेदवारी दिएको बताएका छन् । देवदहमा गठबन्धनको सम्पर्क कार्यालयको उद्घाटन गर्दै नेता भुसालले राजनीतिक परिवर्तनमा महत्वपूर्ण योगदान गरेको रुपन्देही १ पुर्वाधार विकासमा पछाडि परेको बताए ।

देशले राजनीति परिवर्तनमा महत्वपूर्ण चरण पूरा गरेर विकास र समृद्धिको बाटोमा देश अगाडि बढ्नुपर्ने अवस्थामा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफु प्रधानमन्त्री रहँदा संविधानमाथि खेलवाड गरेर राजनीति दुर्गन्धित गरेको धारणा व्यक्त गरे । ओलीले प्रधानमन्त्रीको कुर्सीमा बसेर असंवैधानिक काम गरेको उनको भनाइ थियो ।

आफ्नो मन्तव्यमा अधिकांश समय नेकपा एमाले र अध्यक्ष ओलीको बारेमा बोलेका भुसालले ओलीले नेपालको राजनीति मैलाएको र उनले गरेको फोहोरलाई सफा गर्न युवा पुस्ता लाग्नुपर्ने बताए ।

सोही कार्यक्रममा बोल्दै गठबन्धन तर्फका रुपन्देही क्षेत्र नम्बर १ प्रदेश (ख) का उम्मेदवार नेपाली कांग्रेसका केन्द्रीय सदस्य, पुर्वमन्त्री अब्दुल रज्जाकले संविधान र लोकतन्त्र रक्षाका लागि बनेको गठबन्धन निर्वाचनमा पनि कायम रहेको उल्लेख गरे । बिगतको ५ वर्षमा क्षेत्रको विकासमा देखिने गरी केही काम हुन नसकेको दाबी गर्दै उनले गठबन्धनको जितले लोकतन्त्र र सविधानको रक्षा हुने मुलुकको समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

त्यस्तै गठबन्धनबाट क्षेत्र नम्बर १ प्रदेश (क) का उम्मेदवार नेता विश्वनाथ यादवले गठबन्धनले चुनाव जितेमात्र देशको समग्र विकास सम्भव हुने बताउँदै क्षेत्रमा रहेको सुकुम्बासी समस्या पनि गठबन्धनको जितले मात्र समाधान हुने दाबी गरे । आफू धेरै बोल्ने भन्दा पनि काम गरेर देखाउने भएको दाबी गर्दै उनले आगामी चुनावमा गठबन्धनले विजय हासिल गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रम समापन गर्दै नेपाली कांग्रेसका क्षेत्रीय सभापति तथा निर्वाचन प्रसार प्रचार एवं परिचालन मूल समितिका संयोजक हिरा बहादुर खत्रीले गठबन्धन देशको आवश्यकता रहेको औंल्याउँदै गठबन्धनको विजयका लागि एकताबद्ध भएर लाग्न गठबन्धनका सबै दलका कार्यकर्ताहरुलाई आग्रह गरेका थिए ।

भूल सुधार

मिति २०७९/०६/२९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **Malaysia** मा रोजगार शिर्षक, कम्पनी : **Durachem Sdn.Bhd., पूर्व स्वीकृत मिति: २०७६/०६/२७**, चलानी नं. **६०१८९१५५** र L.T. No.: 273445 को विज्ञापन प्रकाशित नहुनु पर्ने भुलबस प्रकाशित भएको यसै सूचना मार्फत सबैमा जानकारी गरिएको छ ।

AAKARSHAN INTERNATIONAL PVT. LTD.
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: publicrelation@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 4474178, 9801122306, 9801122300, 9801309456

राहदानी हरायो

मिति २०७९/०५/२५ गतेका दिन ओखलढुङ्गा देखि काठमाण्डौं जाँदा मेरो निम्न ब्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः सपना दर्जी**
**ठेगानाः ओखलढुङ्गा**
**राहदानी नं.: १०६५९४६५**
**सम्पर्क नं. : ९८६१४५२४०३**

म्यानपावर चाहियो

**चालु अवस्थामा रहेको साउदी आइडी भएको कुनै पनि उजुर बाजुर नभएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला ।**

सम्पर्क नं. ९८०१०७०७८६

**ROMANIA मा रोजगारको अवसर** | कम्पनी: MOWGLI COMPANY SRL
शहर: BACAU

पूर्व स्वीकृत मितिः २०७८/१२/१६ चलानी नं.: ६०१७६९८१ LT. No.: 260515 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६६,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gardener | 10 | 0 | | 550 | ६६,७०४ | | | | | | | |
| 3. | Machine Operator | 20 | 0 | | 650 | ७८,८३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ कार्तिक ९ गते (26 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५०० /- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

**Kakani Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Ranipauwa, Nuwakot**

**Invitation for Bids**

**(Notice No. 05/079-80)**
**Date of publication: 2079-07-02**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa, Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding

| IFB No. | Contract no. | Description and location of works | Estimate amount (Excluding VAT NRs) | Bid Security Amount, NRs. | Bid Validity Period/Bid Security Validity period | Price of Bid Document, NRs. |
|---|---|---|---|---|---|---|
| 7/KRM/ MEDICINE/79-80 | 7/KRM/ MEDICINE/79-80 | Purchase of Medical Supplies | 1744223.90 | 100000.00 | 90 days/ 120days | 3000.00 |

2. Bid Purchase, Bid Submission and Bid Opening Dares are as given below.

| IFB No. | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|
| 6/KRM/ GOODS/ 079-80 | 2079/08/01 within office Hour | 2079/08/02 12:00 Hrs. | 2079/08/02,14:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | **Name of the Bank:** Agricultural Development Bank. Ranipauwa Branch **Office Account no.:** 0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | **Name of the Bank:** Agricultural Development Bank. Ranipauwa Branch **Deposit Account no.:** 0213401251034042 **Name of the Office :** Kakani Rural Municipality, Office of Municipal Executive, Ranipauwa, Nuwakot |

3. Bid Documents shall be download from e-GP portal of PPMO's website: www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of biding document in the office's Rajaswo Khata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website: www.bolpatra.gov.np/egp further Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot, Telephone : 010-411022 and mailing Address: ito.kakanimun@gmail.com
5. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov .np/egp.
7. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

मध्यान्ह
www.madhyanhadaily.com
२ कार्तिक २०७९, बुधबार
19 October 2022, Wednesday

सम्पादकीय

## प्रलोभनमा पार्ने प्रयास

ललितपुरमा आयोजित सत्ता गठबन्धनको कार्यक्रममा शीर्ष नेताहरूले चुनावपछि पनि गठबन्धनकै सरकार बन्ने घोषणा गरेका छन् । गएको वर्ष बनेको यो गठबन्धन चुनाव पछि पनि कायमै रहने नेताहरूले घोषणा गरेका हुन् । नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाबाट यस्तो घोषणा हुनु स्वभाविक हो । किनकि गठबन्धनको सवैभन्दा ठूलो दलका सभापतिले आफ्नै सरकारले निरन्तरता पाउने बताउनुलाई आश्चार्य मान्नु पर्दैन । तर आगामी चुनावपछि जस्तो दलीय समीकरणबारे अनुमान गरिन्छ, त्यस दृष्टिले हेर्दा भने यो घोषणा अर्थपूर्ण छ । चुनावमा कुनैपनि दलको एकल सरकारको संभावना कम रहेकाले बन्ने गठबन्धनकै सरकार हो । तर त्यो गठबन्धनको नेतृत्व नेकपा एमालेले गर्ने संभावना पनि बाँकी नै छ । एमाले प्रमुख दल भएकाले अहिलेकै गठबन्धन नरहन सक्ने विश्लेषण वास्तविक धरातलमा आधारित नै हो ।

अझ अहिलेको सत्ता गठबन्धन कांग्रेस र कम्युनिष्ट मिलेर बनेको छ । अर्कातिर एमाले अहिलेको सवैभन्दा ठूलो कम्युनिष्ट शक्ति हो । यसको अर्थ फेरि कम्युनिष्टहरू मिल्न सक्ने संभावना नकार्न सकिदैन । किनकि सत्तालाई नै सर्वोपरी मानेर गरिने राजनीति जुनसुकै बेला जतासुकै जान सक्छ । तर मंगलबार भएको घोषणाले अहिलेको गठबन्धन थप मजबुत बनाउन बल पुग्ने नै भयो । त्यसैपनि सत्ता गठबन्धन बाध्यात्मक कदमको उपज थियो । प्रधानमन्त्रीको हैसियतमा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन नगरेका थिए भने देउवा नेतृत्वको गठबन्धन सम्भावना नै थिएन । चुनावी ध्रुबिकरण आज पनि कांग्रेस र कम्युनिष्टकै हुने थियो ।

तर जनमत सधैं स्थीर रहन्न । कस्तो सरकार र संसदीय समीकरण बनाउने भन्ने निर्णय मतदाताकै मतमै भर पर्नेछ । तर मतदाता प्रभावित बनाउन सत्ता र विपक्षी दुवै गठबन्धनले ठूलै प्रयत्न गरिरहेका छन् । एमालेले ओलीकै नेतृत्वमा सरकार बन्ने घोषणा गर्नुको अर्थ पनि मतदाता प्रभावित बनाउने नै हो । सत्ता गठबन्धनले पनि त्यही शैली अपनाएको छ । लोकतान्त्रिक अभ्यासमा दलहरूले आफ्नो नेतृत्वको सरकार बनाउन मतदाता प्रभावित गर्नु पनि नौलो होइन । तर मतदाताले भने इमान्दार बन्ने बेला अहिले नै हो । प्रलोभनमा परेर मतदानका क्रममा गल्ती सच्याउने अवसर अर्को पाँच पछि मात्रै आउनेछ ।

# गरिब मुलुक र भ्रष्ट नेतृत्व

*देश गरिब छ, जनता पीडामा छन् तर, यहाँको राजनीतिक नेतृत्व भने गरिब जनताकै पीडामाथि खेलिरहेको छ । उनीहरु गरिब जनताको करबाट उठेको पैसा र विदेशीसँगबाट लिएको तिर्नुपर्ने ऋणमाथि मस्ति गरिरहेका छन् । नेतृत्वसँग १० वर्षपछि के गर्ने कुनै योजना छैन । भ्रष्ट राजनीतिक नेतृत्वकै कारण देश थप संकटतर्फ जाँदै छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

मुलुकमा गरिबी निवारण दिवस मनाउँदै गर्दा, कर्णालीमा बाढी पहिरोले निकै दुःखद अवस्था निम्त्यायो । थुप्रै कर्णालीका गरिब जनताले ज्यान गुमाए । देशले दसैँ मनायो कि देशैभरि दशा भयो अत्तोपत्तो भएन । अब चुनावी खर्चले देश फेरि काँप्ने भएको छ एकपल्ट । नेताहरुले विकासको नाटक गरे, उपल्लो समृद्ध देश सिँगापुर, स्वीट्जरलैण्ड, स्वीडेन बनाउँछु भने तर, नेपाल बनाउँछु भनेनन् । विकासको मोडल यिनलाई थाहै भएन । विकासविद्हरुलाई यिनले आफ्नो खेताला बनाए । आर्थिक क्षेत्रका विशेष व्यक्ति विनोद चौधरीजस्तालाई आफ्नो खल्तीभित्र राखेझैँ चँगुलमा पारे, यिनका विरुद्ध कोही बोल्न सकेनन् । बरु पद हत्याउन सफल भए, एकै व्यक्तिले ८ पल्ट राजनीतिक पद पाए । निमुखाहरु जिल्लै परे । पछिल्लो उदाहरण आफ्नो विपरीत विचार राख्नेहरुलाई पाखा लाएझैँ देशप्रेमीहरुलाई पाखा लगाए । टुरिष्ट हुँदै निर्वाचन पिच्छे ठाउँ बदल्दै बाकस तान्न जाँदैछन् अहिले, आत्मग्लानी छैन यिनलाई ।




कर्णाली सिँगार्छु भन्दै, सुदूर पश्चिम सिँगार्छु भन्दै सुदूर, पूर्व, पहाड, हिमाल, तराई, गाउँ बेसी, सहर, नहर सुधार्छु भन्दै मिठो सपना देखाएर देशको ब्रह्मलुट गर्नेहरुदेखि अब जनता वाक्क भएका छन् र पनि यिनको विकल्प खोज्दैछन् । आउने चुनावमा तिनका बाकस खाली गर्ने अभियानमा झण्डै ३७ प्रतिशत उम्मेदवारहरु लागि परेका छन् र पनि सबै बालेन जस्तै होलान् भन्ने आकंलन गर्ने ठाउँ छैन । दुई/चार प्रतिशत मतले कार्यपालिका बन्दैन । बनाउनेहरुले त भए भरका तानाबाना बुनिसकेका छन् तिनले । देवघाटमा तप गर्ने उमेरका दमौलीका बुढाले समेत विकास गर्ने हो अब भनेर भनिरहँदा छक्क पर्नु परेको छ । जलवायु परिवर्तनलाई दोष दिएर आफ्नो देशको विकास मोडल तय गर्न नसक्ने नेतृत्वले शारदीय दसैँको समयमा समेत प्रकृतिले देशैभरि ताण्डव नृत्य गरेकोमा दुःख व्यक्त गर्न सक्दैनन् । देशको भूगोल फरक प्रकारको छ र त फरक प्रकारकै राजनीतिक प्रणाली यहाँ हुनुपर्नेमा देश लुट्न सिपालु र आफू आफन्त बिकाउ टिकाउ गर्न समानुपातिक प्रणाली समेत ल्याए देशमा । घरघरै मन्त्री र सांसद हुने प्रणाली ल्याए देशमा, देश भने कम्पायमान भएको छ, यिनका खर्चले, पछिल्लो प्रकृति यसको उदाहरण हो ।

राजनीति अहिले लाजनीतिमा परिणत भएको छ । विदेशको नक्कल गर्दै भ्यूटावर देखे, निर्यात केही नहुने देशमा सुख्खा बन्दरगाहहरु देखे, स्वदेशमा टेम्पो, माइक्रो, बसहरु राम्ररी चलाउन नसकिने ठाउँमा मोनोरेल देखे, मेट्रो रेल देखे, पूर्व पश्चम रेल मार्ग देखे, पानीजहाज देखे, ठूला विमानस्थल देखे । गरिब नेपालीले घर जग्गा बेचेर विमान चढेको देखेनन्, बरु तिनको विप्रेषणको पैसाले आफूले महँगा गाडी चढे, हेलिकप्टरमा सयर गरे, महँगा कार्पेट र शौचालय देखे, सुरक्षाको ताँती लगाए, जनतालाई कोरोना र डेंगुबाट सुरक्षित बनाउन सकेनन् । गरिबी बढीरहँदा यिनलाई भिक्षा थाप्न रमाइलो लाग्यो विदेशीहरुसँग । भ्रष्टाचारी, अभियुक्त, जेलमा बसेकालाई समेत चुनावको उम्मेदवार बनाएका छन् यिनले । स्वदेशीहरु बाढी, पहिरोले मरेका छन्, विदेशीहरु पनि सयौं बेखबर बने हिमाली क्षेत्रमा । पर्यटक आकर्षक बनाउने भन्दै अनेककानेक प्रयत्न गरे तर, हिमाली क्षेत्रमा ७ सय पदयात्रीहरुले यसै दसैँको पीडामा मलम लगाउन सकेनन् । खुम्बु क्षेत्रमा त २ हजार पर्यटक अलपत्र परेको खबर आयो हालैको प्रतिकूल मौसमका कारण । मुगु, जुम्ला मात्रै होइन कर्णाली राजमार्ग सुर्खेत, जाजरकोट सडक मात्रै होइन, म्याग्दी जोमसोम सडक अबरोघ भयो । सुदूरपश्चिमका ७ जिल्ला बिजुली, नेट, टेलिफोनबाट सम्पर्क विच्छेद भए । कागज रहित कार्यालय विदेशी नक्कल सबै अनलाइनको नक्कल गरियो तर, देशको विषम परिवेश, भूबनोट, केही हेरिएन । उद्धारकर्मीहरु समेत जान नसक्ने भौगोलिक अवस्थाको देशलाई नेताहरुले चिनेनन्, बुझेनन् वा बुझेर पनि बुझ पचाए ।

वर्दियाको राजापुरक्षेब सम्पर्क विच्छेद मात्रै भएन कर्णालीको पानीले ८ सय घर परिवार विस्थापित, मुगुमा पहिरोले घर भत्किँदा ५ जनाको मृत्यु, बाजुरा पहिरोमा १ को मृत्यु, भयो । कमजोर पूर्वाधारले बझाँग मात्रै होइन नेपालगन्जक्षेत्र डुबान र प्रभावग्रस्त बन्यो । यहाँका नेतालाई लिडर भनियो तर ती डिलर भए, ठेक्कामा लिए देशलाई ठेकेदारी गरे, बिचौलिया पोसे, ठूला परियोजना देखाउँदै भूमाफियाहरुलाई जग्गा कब्जा गर्न लगाए, महँगो दरमा विकासको नाममा जग्गा बिकाए, गरिब नागरिकहरु विचौलियाका हातमा परे, न तिनले संविधानको हक शिक्षा पाए न स्वास्थ्य उपचार । दसैँको मुखैमा पालिकाहरुले बिरामीलाई एम्बुलेन्स निःशुल्क भने तर, सिकिस्त बिरामीलाई एम्बुलेन्स बोलाउँदा जय बागेश्वरी मन्दिरबाट २/३ सय मिटर टाढाको आर्यघाट लग्दा रु १२ सय ठोकेर लिएको एक भूक्तभोगीले बताए पंक्तिकारलाई । यस्तो काम एक ठाउँमा होइन सबैतिर छ, कहाँ छ अभिभावक कहाँ छ सरकार : ऊ त गठबन्धन, अप्राकृतिक गठजोड, सिद्धान्तहीन नेताहरुसँग छलफल गर्दै थियो । छोटे राजाहरुले सञ्चालन गरेको देशमा राजनीतिको कोर्स करेक्सन गर्न ढिलो भइसकेको छ, विकासको नयाँ मोडल र देश सुहाउँदो गर्न पनि ढिलो भइसकेको छ । गरिब देशमा नेता धनी भए र त निर्वाचन आयोगले साँढे ३ करोड जरिवाना उठाउँदा पनि खुसीले तिरे । आचारसंहिता त शुरुकै दिनमा लागु भएन, गाडीको जुलुस लिएर आयोगमा उम्मेदवारी दर्ता गर्न पुगे । संविधानको बर्खिलाप त आफैँले गरेका छन् कि ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्थामा जम्मा जम्मी १० प्रतिशत उम्मेदवारी पूरा गर्न हम्मे हम्मे भएको छ अहिले यिनलाई ।

भन्छन् गरिबी निवारण तर भएको छ वृद्धि । संसारमा औसत आर्थिक वृद्धि घटिरहँदा फोस्रो गफ्, दिएर ८ प्रतिशतको वृद्धि गर्ने सपना पनि बाँड्छन् यिनीहरु । विकास खर्च र देशका लागि लगानी गर्न नसक्ने नेतृत्व आफैँले लुम्बिनीमा च्याल चुहाएको सबैले देखेकै हो । भए भरका युवा विदेश भनौं खाडी पठाएर आफैं रजाई गर्ने नयाँ पुस्तालाई सत्ता दिनै नचाहने बूढो वृद्ध भइसक्दा पनि श्रीमती, साला, सालीको, साडुको सहारा लिएर देशको भत्ता खान सिपालुहरुले मंसिरको चुनावमा देश सिँगार्ने सपना बाँड्न लागेका छन् । देश भने तिहारको माला पनि विदेशबाट ल्याउँदैछ, जीउमा लाउने जनै पनि र बोका खसी पनि विदेशबाटै आएको हो । सम्पूर्ण सामान विदेशबाट आयात अनि मान्छे र तिनको रगत मात्रै निर्यात गर्ने देशले समृद्धिको सपना पूरा कसरी गर्ने होला । हरेकपल्ट इन्धनको भाउ घटेर आउँदा यहाँ घटाइएन, दसैँमा विजुली खेर गयो यहाँ भाउ घटाउने कुरै गरिन्न । कुनै निष्ठा, आदर्श, चरित्र, नैतिकता, इमानदारिता नहुँदा लोकतन्त्र केवल भोगतन्त्रमा मात्र परिणत हुने हो । राजनीति भाँडनीतिमा परिणत हुने हो । गणतन्त्र गाँडतन्त्रमा परिणत हुने हो, लूटनीति र झूठ नीतिले देशको मुहार मलिन पार्ने हो । सत्ता कब्जा बाहेक देशको जन जीविकाका विषयमा, राहत र महँगी नियन्त्रणमा, गुमेको देशको नक्सा फर्काउने विषयमा व्यापारघाटा कम गर्ने विषयमा देशमा अनुशासन र प्रणाली बसाउने विषयमा कहाँ कहिले एक घण्टा छलफल भयो त, देखिएन, सुनिएन बरु सधैँ सत्ता गठबन्धन, सुविधा थप, सुरक्षा थपका विषयमा छलफल भएको देखियो । महँगो चुनाव नै भ्रष्टाचारको आधार हो भनेपछि चुनावलाई सरलीकृत किन नगर्ने, घोषणापत्र चुनाव आयोगले नै बनाइदिँदा हुन्छ । घोषणापत्रको के अर्थ छ जव कि जुन दल जतापनि जान आउन पाउने भएपछि । सबैको एउटै घोषणापत्र देशको गरिबी घटाउने, हटाउने भन्दा भइहाल्छ, अघिल्ला चुनावी घोषणापत्रले के दियो देशलाई ? अब पनि झूठको खेती किन गर्ने ? बरु उत्पादन वृद्धि गरेर देशलाई आयात मुक्त गराउनु पर्ने होइन र ? अहिले देखिएको विदेशी ऋण कसले तिरिदिने ? सिष्टम बसाल्छु भन्ने स्वतन्त्रहरुलाई विजयी बनाई देशको साँचो बुझाउँने बेला अझै भएको छैन र ? दलहरु पनि निर्दलीय स्वतन्त्र भन्दा के फरक छन्, कसको सिद्धान्त के लागु भयो देशमा, हलो सूर्यतिर गएको छ, संविधान बन्दा नै अन्तर्राष्ट्रिय फोरममा यो ठीक छ भनेकै हो, उपल्लो पद पनि लिएकै हो । छ्यासमिसे सिद्धान्तहीन राजनीतिको के कुरा गर्ने ?

### सामाजिक सञ्जाल



**- पुष्कर कँडेल**

